व्यास नगर कार्यपालिकाको २३० औं बैठक आज मिति२०८२/१०/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य - सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| का.वा. अध्यक्ष-९ | - श्री सन्तोष जि.सी. | उपस्थित |
| का.वा. अध्यक्ष-१२ | - श्री राजकुमारी सेढाइ | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१ः मिति २०८२/९/२२ गते भएको २२९ औं कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ः ४४ औं नगर सभाबाट पारित प्रस्तावहरु कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.३ः आठौं अल्ट्रा म्याराथन तयारी सम्बन्धमा ।
प्रस्ताव नं.४ः निर्वाचन आचार संहिता पालना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५ः विगत ६ महिनाको आय-व्यय समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.६ः आँपको रुख कटान सम्बन्धमा ।
प्रस्ताव नं.७ः सेवा शुल्क सम्बन्धमा ।
प्रस्ताव नं.८ः प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९ः विपद्जन्य उपचार खर्च एवं अत्यावश्यक कार्य सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१ः** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/९/२२ गते भएको २२९ औं बैठकका निर्णयहरु र कार्यालयको सेवा प्रवाह सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं.२ः** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/९/२५ गते भएको ४४ औं नगर सभाबाट पारित विभिन्न प्रस्तावहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरी सम्बन्धित शाखाहरुलाई बाँकी कार्यहरु अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३ः** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास ५ मानहुँकोटबाट व्यास ८ पुलिमराङ शहिद पार्कसम्म शहिद दिवसका दिन गरिने ४४ औं कि.मी. दुरीको आठौं अल्ट्रा म्याराथन प्रतियोगितालाई व्यवस्थित गर्नका लागि निम्नानुसार विभिन्न समिति गठन गर्ने र सहभागिताका लागि नगरवासीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**(क) मूल समारोह समिति - १२१ सदस्यीयः-**

| | | | |
|---|---|---|---|
| १. | संयोजक | नगर प्रमुख | - १ |
| २. | सदस्य | नगर उपप्रमुख | - १ |
| ३. | सदस्य | सबै कार्यपालिका सदस्यहरु | - २२ |
| ४. | सदस्य | सबै नगर सदस्यहरु | - ५० |
| ५. | सदस्य | प्रमुख प्रशासकीय अधिकृत | - १ |
| ६. | सदस्य | सबै शाखा प्रमुखहरु | - १३ |
| ७. | सदस्य | नगर खेलकुद समितिका सदस्यहरु | - ७ |
| ८. | सदस्य | स्थानीय टोल विकास संस्थाका अध्यक्षहरु | - ५ |
| ९. | सदस्य | नगरपालिकाका सम्बन्धित वडा सचिवहरु | - ७ |
| १०. | सदस्य | सम्बन्धित वडा नं. ५ र ८ का निवर्तमान जनप्रतिनिधिहरु | - ८ |
| ११. | सदस्य | स्थानीय विद्यालयका प्र.अ.हरु | - ५ |
| १२. | सदस्य सचिव | शिक्षा तथा युवा खेलकुद शाखा प्रमुख | - १ |
| | | **जम्मा :** | **१२१** |

**(ख) अनुगमन समिति - ७ सदस्यीय :**

| | | | |
|---|---|---|---|
| १. | संयोजक | उपप्रमुख | - १ |
| २. | सदस्य | प्रमुख प्रशासकीय अधिकृत | - १ |
| ३. | सदस्य | वडा नं.२, ३, ४, ७, १० अध्यक्षहरु | - ५ |
| | | **जम्मा :** | ७ |

(ग) <u>व्यवस्थापन समिति - १९ सदस्यीय :</u>

| | | | |
|---|---|---|---|
| १. | संयोजक | नगर खेलकुद समिति अध्यक्ष | - १ |
| २. | सदस्य | वडा नं.५ र ८ का वडा अध्यक्षहरु | - २ |
| ३. | सदस्य | वडा नं.५ र ८ का सदस्यहरु | - ८ |
| | | नगर खेलकुद सदस्यहरु | - ७ |
| ४. | सदस्य सचिव | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | - १ |
| | | **जम्मा :** | **१९** |

(घ) **धावक दर्ता तथा प्रशिक्षण संयोजक :**

- शिक्षा, युवा तथा खेलकुद विकास शाखा

(ङ) **मञ्च व्यवस्थापन :**

- मानहुँकोट उद्घाटन वडा नं. समिति
- पुलिमराङ समापन वडा नं. ८ समिति

(च) **रुट व्यवस्थापन :**

- योजना तथा पूर्वाधन विकास शाखा

(छ) **प्रचार-प्रसार आमन्त्रण :**

- सूचना प्रविधि शाखा

(ज) **यातायात व्यवस्थापन**

- प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा

(झ) **धावक स्कटिङ व्यवस्थापन :**

- नगर प्रहरी

(ञ) **स्वास्थ्य एवं चेक पोइण्ट व्यवस्थापन :**

- स्वास्थ्य तथा जनसंख्या शाखा

(ट) धावकको दर्ता शुल्क रू.३००/- (अक्षेरुपी तीन सय) कायम गर्ने ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनलाई ध्यानमा राखी निर्वाचन आयोगबाट जारी भएको निर्वाचन आचार संहितालाई सम्बन्धित पदाधिकारीहरुले पालना गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा आर्थिक बर्ष २०८२/०८३ का लागि ४३ औं नगर सभाबाट पारित अनुमानित आय-व्यय रू.१,८१,७६,१९,०००। (एक अरब एकासी करोड छहत्तर लाख उन्नाइस हजार) (चालु तर्फ रू.९८,३७,५७,०००। र पूँजीगत तर्फ रू.८३,३८,६२,०००/-) रहेकोमा ४४ औं नगर सभाबाट संशोधित आय-व्यय कुल रू.१,७२,५२,०४,५००। (चालु तर्फ रू.९५,२९,८४,०००/- पूँजीगत तर्फ रू.७७,२२,२०,५००। कायम गरिएकोमा २०८२ पौष मसान्तसम्म चालु तर्फ रू.३६,१८,८७,२४६।९४ (३७.९७ प्रतिशत) र पूँजीगत तर्फ रू.१०,२८,५१,१४८/२७ (१३.३२ प्रतिशत), कुल खर्च २६.९४ प्रतिशत रहेको, आन्तरिक तर्फ रू.२०,००,००,०००। आयको लक्ष्य राखिएकोमा रू.६,४९,४३,४७३/३२ (३२.४७) प्राप्त भएको जानकारी प्राप्त भई समीक्षा गरियो । साथै आय प्राप्ति र व्यय वृद्धि तर्फ सम्बन्धित सबै पक्ष सकृयतापूर्वक लाग्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका १० नं. वडा कार्यालयको मिति २०८२/०९/१३ गतेको सिफारिसद्वारा सेवर दरैगाउँ टोल विकास संस्था अन्तर्गत आँपको बगैंचामा रहेको केही आँपको रूखहरु सेवर दुम्सीचौर मार्गमा परेको र सवारी साधन आवात-जावतमा समस्या भएकाले रूख हटाउन

अनुरोध भई आएकोले उक्त रूखहरु हटाउन डिभिजन वन कार्यालय, तनहुँलाई अनुमतिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका साझेदारी विकास कोष सञ्चालन कार्यविधि, २०७८ को परिच्छेद ३ को दफा ५ मा (ङ) थप व्यास नगरपालिका साझेदारी विकास कोषबाट विभिन्न टोल विकास संस्थामा रहेको उद्यमी र सहकारीलाई ऋण लगानी गर्दा ऋण लिएको रकमको ०.५ प्रतिशत सेवा शुल्क रकम साझेदारी विकास कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा तनहुँ स्लेट ढुङ्गा उत्खनन् उद्योग व्यवसायी समितिद्वारा पेश हुन आएको व्यास नगरपालिका वडा नं.१० र ११ मा सञ्चालनमा रहेका स्लेट ढुङ्गा खानी उद्योगहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन २०८२ स्वीकृत गर्ने निर्णय गरियो । साथै मिति २०८२/०८/२२ गतेको कार्यपालिकाको निर्णय बमोजिम स्थगन गरिएको स्लेट ढुङ्गा सम्बन्धी खानी सञ्चालन कार्यलाई पुनः सञ्चालनमा ल्याउनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा अत्यावश्यक र श्रोत सुनिश्चित भएका निम्न शीर्षकहरुमा रकम विनियोजन गर्न र अन्य विषयहरुमा नगर सभाबाट सर्वसम्मत गर्ने निर्णय गरियो।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | सिन्दुरेकुवा बहुउद्देश्यीय कृषि समूह पानी इनार व्यवस्थापन | १ | १,००,०००। | ८७६ |
| २. | रजआँप टोलबाट भद्रुचोक खानेपानी पाइप विस्तार | १ | ७०,०००। | ८७६ |
| ३. | हाँसेश्वाँरा रूख ढली विद्युत तारपोल क्षति व्यवस्थापन (पार्वती श्रेष्ठको निवेदन) | ७ | २०,०००। | विपद |
| ४. | गजुरे स्वास्थ्य चौकी रङरोगन मर्मत | ९ | १,००,०००। | ९७८ |
| ५. | अम्बरबहादुर कुँवर सिँचाई पाइप खरिद | १० | २०,०००। | ८७८ |
| ६. | शान्तीनगर टोल खानेपानी पाइप जीर्ण व्यवस्थापन | १० | ५०,०००। | ८७६ |
| ७. | सरस्वती क्षेत्री एकल बुहारी सहित ४ नातीनातिनी लालन-पालन व्यवस्थापन सहयोग | १० | ३०,०००। | ६१ |
| ८. | अनिल पौडेल दाना उद्योगमा काम गर्दा हात काटी उपचार सहयोग | १० | २५,०००। | ६१ |
| ९. | तनहुँ प्रेस डटकम लोककल्याणकारी विज्ञापन प्रकाशन | | ४०,०००। | ३६ |

***